मिति २०८१।१।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।१।२७ गते।

बैठक बसेको समयः दिउसो २.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भूपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |



Scanned with CamScanner

मिति २०८१।१।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | गाउँ शिक्षा समितिको मिति २०८१।०१।२७ को बैठक निर्णयबाट भएको देहायका प्रस्तावमाथिको सिफारिसका सम्बन्धमा।<br>क) स्पष्टीकरण माग गर्ने सम्बन्धमा।<br>ख) काज फिर्ता गरी शिक्षक पदस्थापन गर्ने सम्बन्धमा।<br>ग) प्राथमिक तहको स्वीकृत दरबन्दी थप गर्ने सम्बन्धमा ।<br>घ) शिक्षकहरुको दरबन्दी मिलान, सरुवा तथा पदस्थापन सम्बन्धमा । | शिक्षा युवा तथा खेलकुद शाखा |
| २. | गाउँ शिक्षक अनुदान कोटा स्थानान्तरण गर्ने सम्बन्धमा। | शिक्षा युवा तथा खेलकुद शाखा |
| ३. | विविध। | सबै। |

निर्णय नं.१ (क)

तीनपाटन गाउँपालिकाको शिक्षा ऐन, २०७४ को परिच्छेद-५, दफा ३३(४) बमोजिम गाउँ कार्यपालिकाको मिति २०८०/११/१९ को निर्णयबाट श्री पाटनदेवी माध्यमिक विद्यालय तीनपाटन-३, कोटगाउँमा कार्यरत प्राथमकि तहका स्थायी शिक्षक श्री शुक्र बहादुर तामाङलाई श्री माध्यमिक विद्यालय महभिर खोलागाउँ तीनपाटन ८ मा कामकाजमा खटाइएकोमा निज शिक्षक पत्र बुझ्न कार्यालयमा नआएको र कामकाजको पत्र यस कार्यालयबाट श्री पाटनदेवी मा वि कोटगाउँको इमेल ठेगानामा समेत प्रेषित गरिएकोमा नियमानुसार कामकाजमा खटाइएको विद्यालयमा हाजिर नभएको सम्बन्धमा गाउँ कार्यपालिकाको वैठकमा छलफल भयो।

साथै श्री पाटनदेवी मा वि कोटगाउँको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/२५ को निर्णयबाट उक्त विद्यालयमा कार्यरत प्राथमिक तहका स्थायी शिक्षक श्री शुक्र बहादुर तामाङ मिति २०८१ वैशाख २ गतेदेखि विना जानकारी विद्यालयमा अनुपस्थित भएको व्यहोरा यस कार्यालयमा लेखी आएकाले निज शिक्षकसँग गाउँ कार्यपालिकाको निर्णयानुसार कामकाजमा खटाइएको पत्र बुझ्न नआउनुको र विना जानकारी विद्यालयमा लामो समयदेखि अनुपस्थित हुनाको कारण माग सहित सात दिनको समायावधि दिई स्पष्टीकरण माग गर्ने निर्णय पारित गरियो।

निर्णय नं.१ (ख)

श्री प्रगतिशील प्रा.वि. राम्चे तीनपाटन ३ मा कार्यरत प्राथमिक तह राहत अनुदानका शिक्षक श्री बुद्धिराज सत्याल हाल शिक्षा विकास तथा समन्वय इकाइ सिन्धुलीमा कामकाजमा रहेकोमा निज शिक्षकलाई काज फिर्ता गरी श्री पाटनदेवी मा वि कोटगाउँ तीनपाटन ३ मा राहत अनुदान सहित पदस्थापन गर्ने निर्णय पारित गरियो।



Scanned with CamScanner

मिति २०८१।१।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**निर्णय नं. १ (ग)**

शिक्षा विकास तथा समन्वय इकाइ सिन्धुलीको च.नं. १०६४ मिति २०८१/०१/०६ को पत्रबाट यस गाउँपालिका अन्तर्गतका विद्यालयका लागि थप भई आएको प्राथमिक तहको स्वीकृत दरबन्दी संख्या २ (दुई) देहायका विद्यालयमा थप गर्ने निर्णय पारित गरियो।

देहायः

१. श्री माध्यमिक विद्यालय सिसाबोट तीनपाटन ५ — थप हुने दरबन्दी संख्या १ (एक) .
२. श्री चण्डेश्वरी प्रा.वि. चँदाहा कोप्चे तीनपाटन ६ — थप हुने दरबन्दी संख्या १ (एक)

**निर्णय नं. १ (घ)**

तीनपाटन गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा ३४ अनुसार तपसिल बमोजिम शिक्षकहरुको दरबन्दी मिलान, सरुवा तथा पदस्थापन गर्ने निर्णय पारित गरियो।

| क्र स | शिक्षकको नाम थर | तह, श्रेणी | पदस्थापन सम्बन्धी निर्णय |
|---|---|---|---|
| १ | खेल बहादुर पुर्वछाने | प्रा.शि, द्वितीय | श्री धापकाली आधारभूत विद्यालय धाप तीनपाटन ६ मा रहेको प्राथमिक तहको स्वीकृत दरबन्दी सहित श्री पाटनदेवी माध्यमिक विद्यालय कोटगाउँ तीनपाटन ३ मा सरुवा तथा पदस्थापन गर्ने। |
| २ | अम्बर पुलामी | प्रा.वि तृतीय | श्री माध्यमिक विद्यालय हलिडाँडाँ तीनपाटन ११ मा रहेको प्राथमिक तहको स्वीकृत दरबन्दी सहित श्री हीराथुम्की मा वि तोस्रामखोला तीनपाटन ७ मा सरुवा तथा पदस्थापन गर्ने। |
| ३ | प्रमिला मग्राती | प्रा.वि राहत | श्री हीराथुम्की माध्यमिक विद्यालय तोस्रामखोला तीनपाटन ७ मा रहेको प्राथमिक तहको राहत अनुदान सहित श्री माध्यमिक विद्यालय हलिडाँडाँ तीनपाटन ११ मा सरुवा तथा पदस्थापन गर्ने। |
| ४ | रेवती पुलामी | प्रा.वि राहत | श्री आधारभूत विद्यालय नौमुरेबगैंचा तीनपाटन ४ मा रहेको प्राथमिक तहको राहत अनुदान सहित श्री शान्तेश्वरी आधारभूत विद्यालय शनिटार तीनपाटन ५ मा सरुवा तथा पदस्थापन गर्ने। |
| ५ | भुवामाया तामाङ | प्रा.वि तृतीय (करार) | श्री शान्तेश्वरी आधारभूत विद्यालय शनिटार तीनपाटन ५ मा रहेको प्राथमिक तहको स्वीकृत दरबन्दी सहित श्री आधारभूत विद्यालय नौमुरेबगैंचा तीनपाटन ४ मा सरुवा तथा पदस्थापन गर्ने। |
| ६ | गोपाल प्रसाद देवकोटा | नि.मा.वि, राहत | श्री चम्पादेवी मा वि घ्याम्पा गडाम्रे तीनपाटन ६ मा रहेको निम्न माध्यमिक तहको राहत अनुदान सहित श्री माध्यमिक विद्यालय गैरिखानी तीनपाटन ६ मा सरुवा तथा पदस्थापन गर्ने । |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ७ | टेक बहादुर पुलामी | प्रा.वि तृतीय | श्री माध्यमिक विद्यालय गैरीखानी तीनपाटन ६ मा रहेको प्राथमिक तहको स्वीकृत दरबन्दी सहित श्री चम्पादेवी माध्यमिक विद्यालय घ्याम्पागडाम्रे तीनपाटन ६ मा सरुवा तथा पदस्थापन गर्ने । |
| ८ | सिद्धप्रसाद अधिकारी | मा.वि, राहत | श्री हीराथुम्की माध्यमिक विद्यालय तोस्रामखोला तीनपाटन ७ मा रहेको माध्यमिक तहको राहत अनुदान कोटा (हाल कामकाजमा श्री मा वि बतासे आँपटार) सहित श्री माध्यमिक विद्यालय आम्बोटे तीनपाटन ९ मा सरुवा तथा पदस्थापन गर्ने । |
| ९ | भीम बहादुर राना | प्रा.वि राहत | श्री आधारभूत विद्यालय विजयपुर तीनपाटन ६ मा रहेको प्राथमिक तहको राहत अनुदान सहित श्री चण्डेश्वरी आधारभूत विद्यालय कोप्चे तीनपाटन ६ मा सरुवा तथा पदस्थापन गर्ने । |
| १० | सुधा थापा मगर | प्रा.वि राहत | श्री चण्डेश्वरी आधारभूत विद्यालय कोप्चे तीनपाटन ६ मा रहेको प्राथमिक तहको राहत अनुदान सहित श्री आधारभूत विद्यालय विजयपुर तीनपाटन ६ मा सरुवा तथा पदस्थापन गर्ने । |
| ११ | लाल बहादुर पुलामी | प्रा.वि राहत | श्री आधारभूत विद्यालय भलायोडाँडाँ तीनपाटन ६ मा रहेको प्राथमिक तहको राहत अनुदान सहित श्री धापकाली आधारभूत विद्यालय धाप तीनपाटन ६ मा सरुवा तथा पदस्थापन गर्ने। |
| १२ | प्रेम बहादुर मानन्धर | प्रा.वि राहत | श्री पाटनदेवी माध्यमिक विद्यालय कोटगाउँ तीनपाटन ३ मा रहेको प्राथमिक तहको राहत अनुदान सहित श्री कमला माध्यमिक विद्यालय छरछरे तीनपाटन १ मा सरुवा तथा पदस्थापन गर्ने। |
| १३ | सूर्य अधिकारी | प्रा.वि तृतीय (करार) | श्री कमला माध्यमिक विद्यालय छरछरे तीनपाटन १ मा रहेको प्राथमिक तहको स्वीकृत दरबन्दी सहित श्री आधारभूत विद्यालय भलायोडाँडाँ तीनपाटन ६ मा सरुवा तथा पदस्थापन गर्ने। |
| १४ | बृष बहादुर माझी | प्रा.वि तृतीय | श्री चण्डेश्वरी आधारभूत विद्यालय चँदाहा कोप्चे तीनपाटन ६ मा रहेको स्वीकृत दरबन्दी सहित श्री प्राथमिक विद्यालय डुङ्ग्रेअवल तीनपाटन १० मा सरुवा तथा पदस्थापन गर्ने। |

निर्णय नं. २

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा गाउँ शिक्षा समितिको मिति २०७९ चैत २४ को निर्णयबाट सिफारिस भई गाउँ कार्यापलिकाको मिति २०७९ चैत २५ को निर्णयबाट उपलब्ध गराइएको गाउँ शिक्षक अनुदान कोटाको विद्यालयगत पदसंख्या अनुसार श्री जोरबाराही आधारभूत विद्यालय बागमारा तीनपाटन -१ मा उपलब्ध गराइएको आधारभूत तह कक्षा (१-५) को गाउँ शिक्षक अनुदान कोटा संख्या १ (एक) उक्त विद्यालयबाट कट्टा गरी श्री बालकल्याण आधारभूत विद्यालय डडुवा तीनपाटन-२ मा थप गर्ने निर्णय पारित गरियो।



Scanned with CamScanner

मिति २०८१।१।२७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

विविधः

क. स्वास्थ्य चौकी आम्बोटेमा कार्यरत सि.अ.हे.व. श्री बिनोद चौधरीलाई स्पष्टीकरण सोधी पटक पटक तलब रोक्का गर्दा समेत बिना जानकारी कार्यालयमा अनुपस्थित रहेको हुनाले निज कर्मचारीको अनुपस्थित भएको दिनको तलब नियमानुसार गयलकट्टी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ख. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका क्रममा भएका घाइते खेलाडी विद्यार्थीहरूको उपचारका क्रममा भएको खर्च बिल भर्पाईका आधारमा देहाय बमोजिम उपचार खर्च भुक्तानी गर्ने निर्णय गरियो।

राम गीरी, श्री वैंकटेश्वर माध्यमिक विद्यालय, बाहुनतिल्पुङ- रु२००००।- (बिस हजार मात्र)

संगित बम्जन, श्री मा. वि. मझुवा दोभान रु१२०००।- (बाह्र हजार मात्र)

अस्मिता पहाडी, श्री मा. वि. मझुवा दोभान रु५०००।- (पाँच हजार मात्र)

ग. वडा नं १ लाई बालमैत्री वडा घोषणा गर्ने प्रयोजनको लागि सबै indicators पुरा गरी मिति २०८१।०३।०९ भित्र उक्त वडालाई बालमैत्री वडा घोषणा गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



Scanned with CamScanner